नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्राल

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाण्डौ ।

## जिन्सी मालसामान लिलाम बिक्रिको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ दिने सूचना –२

## दोस्रो पटक प्रकाशित मिति २०७७/०४/०७

यस विभागमा रहेका पुराना जिन्सी मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ५८ को उपनियम ८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू:

१. बोलपत्र सम्वन्धी कागजातहरू खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.करमा दर्ता भएको दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपि सहित रु.१,००,०००।– (एक लाख) सम्मको लागि रु.३००।– फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखाबाट रकम वुझाएको रसिद संलग्न गरी भण्डारफाँट बाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनभित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. आफुले कवोल गरेको बोलपत्र सम्वन्धी कागजातहरू कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी सिलवन्दी खाम बाहिर श्रीमान् महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहल र माथिपट्टी सूचना नं. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिन दिनको १२.०० बजे भित्र यस विभागमा दर्ता गरी सक्नु पर्नेछ । तोकिएको दिन र समयभित्र दर्ता हुन आएका सवै बोलपत्रहरू सोही दिन दिनको २.०० बजेदेखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधिहरूको रोहवरमा यस विभागमा क्रमशः खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस विभागको नेपाल राष्ट्र बैंक , बालुवाटरमा रहेको धरौटी खाता नं. (१२०१२००००१००२५२४) मा कार्यालय कोड नम्वर २७-३०७-२९ उल्लेख गरी जम्मा गरेको सक्कल भौचर नै बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. यस सूचनामा उल्लेख भएका सि.नं. १ देखि ३८ सम्मका सबै मालसामानहरुको लागि एकमुष्ट रुपमा बोलपत्र पेश गर्नु पर्नेछ ।

५. आफुले कवोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर समेत नियमानुसार लाग्ने सबै रकम बुझाई मालसामानहरु उठाई सक्नु पर्नेछ ।

७. मालसामानहरुको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट कार्यालय समयभित्र हेर्न सकिनेछ । बोलपत्र सम्वन्धी कागजात खरिद गर्नेहरूले मात्र मालसामानहरू हेर्न सक्नेछन् ।

८. बोलपत्र सम्वन्धी कागजातहरु खरिद गर्ने, तथा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

९. यस सम्वन्धी अन्य कुराहरू बुझ्न चाहेमा यस विभागमा आई बुझ्न सकिने छ ।

१०. यस सम्वन्धी अन्य कुराहरू प्रचलित ऐन नियम अनुसार हुनेछ ।